

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १५ गते शुक्रबार ❑ 30 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## भोकमरी कायमै छ भने विकास र मानवअधिकारका कुरा गरेर हुँदैछ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १४ असार

नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा भोकमरी र गरिबी कायमै छ भने विकास र मानवअधिकारका गफ दिनुको कुनै सार्थकता नहुने बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७२औँ जन्मजयन्तीका अवसरमा बिहीबार मदन भण्डारी फाउण्डेशनले आयोजना गरेको 'जबजका आयाम र विशेषता' विषयक विचारगोष्ठी एवं पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले आफू विगतमा प्रधानमन्त्री हुँदा खान नपाएर र उपचार नपाएर कोही मर्नु नपरोस् भन्ने सोचका साथ 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय सङ्कल्प अघि सारेको स्पष्ट गर्नुभयो। कार्यक्रम जननेता मदन भण्डारीको अगुवाइमा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) कै अनुशरणमा उक्त राष्ट्रिय सङ्कल्प आएको उल्लेख गर्दै अध्यक्ष ओलीले विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेका बेला नेता भण्डारीले नेपाली समाजको विशेषतामा आधारित जबजको सिद्धान्त ल्याएको बताउनुभयो । "नेपालको संविधानको प्रस्तावनामा हामीले जबजकै सचेत प्रयासमा समाजवादोन्मुख शब्दावली राखका हौँ । हामी जन्मसिद्ध श्रेष्ठतामा आधारित राजतन्त्र वा सीमित व्यक्ति धनी हुने पुँजीवादी व्यवस्थाका पक्षमा छैनौँ । समानता र सामाजिक न्यायसहितको पूर्ण लोकतन्त्रका पक्षमा छौँ", अध्यक्ष ओलीले भन्नुभयो, "कहिलेकाँही मोर्चामा हार खान सकिन्छ तर आन्दोलनले हार्दैन र हामी अविचलितरूपमा समाजको रुपान्तणका लागि लागिरहनुपर्छ । जबजको मार्गदर्शन पनि यही हो।"

नेपाल ज्ञानभूमि र तपोभूमि भएको उल्लेख गर्दै अध्यक्ष ओलीले पुर्खाहरूको त्यो ज्ञान र योगदानको जगमा यस उर्बर र जीवनमय भूमि नेपाललाई समृद्ध बनाउन राजनीतिक दल र जनता लाग्नुपर्नेमा जोड दिनुभयो।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसमेत सहभागी कार्यक्रममा फाउण्डेशनद्वारा स्थापित विभिन्न पुरस्कार प्रदान गरिनुका साथै विशेष जर्नलको लोकार्पण गरिएको थियो।

## जथाभावी रूपमा एन्टीबायोटिक औषधी प्रयोग गर्नु एटमबम जस्तै हो: डा.दुलाल

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

यूएसएआईडिका बरिष्ठ प्राबिधिक डा.सन्तोष दुलालले मानव स्वास्थ्यलाई नै असर पार्ने गरि बजारमा जथाभावी रूपमा एन्टीबायोटिक औषधी प्रयोग गर्नु एटमबम जस्तै भएको बताउनु भएको छ।



एन्टिमाइक्रोबियल रेसिस्टेन्सको विश्वव्यापी अवस्था र नेपालमा एन्टिबायोटिक औषधिले पशु, कृषि, मानवमा पुर्याएको असरका बारेमा बिहिबार पोखरामा आयोजित एक दिने पत्रकार सचेतना कार्यक्रममा आफ्नो प्रस्तुती राख्दै उहाँले उक्त कुरा बताउनु भएको हो । एटमबमलाई जसरी उचित ढंगले प्रयोग गर्न सकिँदैन त्यसै गरि एन्टिबायोटिक जथाभावी रूपमा प्रयोग गर्दा मानवमा भयंकर क्षती हुने डा. दुलालले दाबी गर्नु भयो। हाल विश्वमै एन्टिबायोटिक सुस्त महामारिको रुपमा देखा परेको, चिकित्सकको सल्लाह बिना आफु खुसि प्रेसक्रिप्सन लिने गरेको, एन्टिबायोटिक मानवले प्रयोग गरि वातावरणमा प्रदुषण हुनु, जनावारहरूमा समेत प्रयोगले मानव स्वास्थ्यमा असर पर्दै गएको बरिस्ठ प्राबिधिक डा.दुलालले बताउनु भयो । चिकित्सकको सल्लाहबिना नै बिरामीले आफैँ वा औषधि पसलबाट किनेर एन्टिमाइक्रोबियल औषधि प्रयोग गर्दा टाइफोइड र औलोजस्ता रोग लाग्दा पनि बिरामीको उपचार गर्न कठिन हुने गरेको उहाँले बताउनु भयो। ब्याक्टेरियाबाट हुने सङ्क्रमणलाई कुनै पनि औषधिले काम नगर्ने वा कोभिडकै बिरामीलाई पनि उपचार गर्दा औषधिले काम नगर्ने समस्या हुने डा.दुलालको भनाई छ । मिडियाकर्मी मार्फत सचेतना अभियान अन्तरगत गण्डकी प्रदेशमा उक्त कार्यक्रम गरिएको हो। गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा.बिनोद बिन्दु शर्माले भुषको आगो सल्के सरी समाजमा एन्टीबायोटिक फैलिएको दाबी गर्नु भयो । मानव सभ्यतामा यसले ठुलो चुनौती दिएको उहाँको भनाई छ। मन्त्रालयका महानिर्देशक खिम बहादुर खड्काले जथभाव रूपमा चिकित्सको सल्लाह बिना आफुखुसी एन्टीबायोटिक प्रयोगले मानव स्वास्थ्यमा असर परेको बताउनु भयो । यसको नियमन हुन नसकेको उहाँको भनाई थियो । मन्त्रालयका फार्मेसी अधिकृत साजन बरालले एन्टीबाईटीक औषधी लिदा चिकित्सकको अनुमति बिना बिक्रि बितरण गर्न नहुने बताउनु भयो। यसको नियमन गर्न नसक्दा यसको मेडिकलहरूमा जथाभावी रूपमा बिक्रि वितरण भएको उहाँले दाबी गर्नु भयो।

७५ प्रतिशत जनावरका कारण मानिसलाई सरूवा रोग लाग्ने गरेको डा. बिबिका श्रेष्ठले बताउनु भयो। संक्रमण रोकथाम र नियन्त्रण गर्न, लैङगिक विभेद गर्न नहुने, एन्टिमाइक्रो बियलको समुचित प्रयोग गर्ने, एएमआर सम्बन्धी क्रियाकलापहरु अनुसन्धान र आविस्कारहरुमा लगानी गर्नु पर्ने उहाँले बताउनु भयो। उक्त संस्थाले सो कार्यक्रम सातौ प्रदेशको रुपमा गण्डकीमा आयोजना गरेको अर्जुन अधिकारीले बताउनु भयो।

## पोखराको फेवातालमा जलकुम्भी र बन्दा झार हटाउने अभियान अभियान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

पोखराको फेवातालमा वन्दा र जलकुम्भी झारले ढाकिएसंगै त्यसलाई हटाउने तथा निकाल्ने अभियान सुरु भएको छ।



पोखराको मुख्य पर्यटकीय स्थल फेवातालमा केही दिन देखि बर्षाद भएसंगै माथिल्लो सतहमा आएको वन्दा तथा जलकुम्भी प्रजातिको झार फाल्ने अभियान सूरु भएको फेवा डुंगा व्यावसायी संगठनका अध्यक्ष बलराम गिरीले बताउनु भयो।

फेवातालको माथिल्लो भागबाट पानीको वहावले ल्याएको उक्त झारहरु बुधबार देखि हटाउन सुरु भएको उहाँले बताउनु भयो। पोखरा महानगरपालिकाको सहयोगमा बुधबार देखि फेवातालको माथिल्लो सतहमा आएको र तालको किनारा क्षेत्रमा रहेको विभिन्न प्रकारको झार फाल्न सुरु गरिएको अध्यक्ष गिरीले हामीलाई बताउनु भयो । उहाँका अनुसार बुधबार र बिहीबार दैनिक ४० जनाको दरले तालको माथिल्लो सतहमा आएको झार निकाल्ने कार्य भएको छ भने यो अभियान अझै ९ दिनसम्म चल्ने भएको छ।

उक्त अभियानका लागि पोखरा महानगरले ३ लाख ५० हजार रुपैया सहयोग गर्ने भएको कारण आफुहरुले तालको माथिल्ला भागमा आएको वन्दा र जलकुम्भी झार सहितको अन्य फोहोर संकलन गरी व्यबस्थापन गर्ने भएको अध्यक्ष गिरीले बताउनु भयो। समिति र जलारी समुहले हाल तालमा रहेको झार फाल्ने अभियानमा लाग्नु भएको हो । यसैबिच पोखरा महासफाई अभियानले समेत पोखराको फेवातालको सिरान (माथिल्लो) भागमा केही हप्ता अघि सफाई अभियानको सूरुवात गरेको थियो। तालको माथिल्लो भागमा गत जेठ अन्तिम साता र असार पहिलो साता जलकुम्भी र बन्दा झार सहितको प्लाष्टिक जन्य बस्तु संकलन गर्न सुरु गरी त्यसलाई निरन्तरता दिन नसक्दा केही दिनको बर्षाले गर्दा तालको सतहमै उक्त झारहरु आएको उक्त अभियानका अभियान्ता रामबहादुर पौडेलले बताउनु भयो।

पोखराका मेयर धनराज आचार्यलाई उक्त सफाई अभियानलाई निरन्तरता दिन आग्रह गर्दा तत्काल सफाई अभियानलाई निरन्तरता दिन नसके पनि हाल ढिलै भए पनि सफाई अभियानमा सहयोग गरेकोमा अभियान्ता पौडेलले प्रशंसा गर्नु भएको छ। जलकुम्भी झार निकाल्ने मेसिन महानगरमा भएकोले महानगरसंगको उक्त मेसिनले ५ फिट भन्दा कम गहिराईको झार सहितको फोहोर संकलन गर्न नसक्ने हुँदा अर्को मेसिन आवश्यक भएको उहाँले बताउनु भयो।

ताल सफाई अभियान अर्न्तगत बुधबार हल्लचोक, क्याम्पिङचोक तथा वाराहीघाट, रत्नमन्दिर लगायतको क्षेत्रबाट झार निकाल्ने काम भएको अध्यक्ष गिरीले बताउनु भयो।

हिउँदको समयमा माथिल्लो तटिय क्षेत्रमा रहेको जलकुम्बी, वन्दा लगायतका झारहरुलाई व्यबस्थापन गर्न नसक्दा बर्षादको समयमा पानीको वहावले तालमा ल्याउने क्रमा हरेक बर्ष जारी रहेको संगठनका निवर्तमान अध्यक्ष बुद्धि बहादुर नेपालीले बताउनु भएको छ । वन्दा झार विगत ४/५ बर्ष देखि फेवातालमा बढी मात्रामा देखिन थालेको उहाँको भनाई छ।

## असारे रोपाई महोत्सको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

पोखरा १३ स्थित काहुँखोला कसेरीको फाँटमा शुक्रबार हुने १८ औं संस्करणको असारे रोपाई महोत्सव २०८० को तयारी पूरा भएको छ। पोखरा पर्यटन परिषदको आयोजनामा हुने उक्त महोत्सवको तयारी पूरा भएको परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए।

पोखरा सबै मौसमका लागि उपयुक्त छ भन्ने सन्देश दिदै पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने उद्धेश्यले उक्त महोत्सवलाई निरन्तरता दिदै आएको अध्यक्ष श्रेष्ठले जनाए।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जग्गा प्राप्ति हुन साथ पोखरामा अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माण गर्छौं: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरामा अन्तराष्ट्रिय क्रिकेट मैदान निर्माण गर्न प्रदेश सरकारले विशेष पहल गर्ने बताउनु भएको छ।

गण्डकी प्रदेश स्तरिय महिला भलिवल प्रतिोगिताको बिहिबार पोखरामा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले पोखरामा क्रिकेट मैदान बनाउन सरकारले जग्गाको खोजि भएको बताउनु भएको हो । जग्गा प्राप्ती हुन साथ क्रिकेट मैदान निर्माणको प्रकृया अघि बढाउने दाबी गर्नु भएको मुख्यमन्त्री पाण्डेले आउदो आर्थिक बर्षको बजेटमा समेत पोखरामा अन्तराष्ट्रिय क्रिकेट मैदान निर्माण गर्न बजेट विनियोजन गरेको बताउनु भयो । साथै उहाँले पोखरामा खेल पर्यटनको साथै साहासिक खेल पर्यटनको अथाह सम्भावना भएको बताउनु भयो।

कार्यक्रममा बोल्दै प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडाले खेलकुद मनोरञ्जनका लागि मात्रै नभई समृद्धिको अर्को पाटो समेत भएको दाबी गर्नू भयो । खेलाडीहरुको हितका लागि सरकारले विभिन्न प्रतियोगिताको साथमा खेलाडी सम्मान, खेलाडीको बिमा लगायतका कार्यक्रम गर्दै आएको उहाँले दाबी गर्नु भयो। परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले १० औं राष्ट्रिय खेलकुद तयारीका लागि यस्ता प्रतियोगिताले थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो। प्रदेश खेलकुद परिषदका उपाध्यक्ष एवं कार्यक्रमका संयोजक धोज कुमार गुरुङको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको थियो । प्रतियोगिताको पहिलो दिन बिहिबार ७ खेलहरु सम्पन्न भएका छन् । उद्घाटन खेलमा गोर्खाले तनहुँलाई २५-१९, २५-२१ को सोझो सेटमा पराजित गरेको छ । बिहिबार नै भएको पहिलो खेलमा कास्की पराजित भएको छ।

कास्की म्याग्दीसंग २५-०६, २५-१० को सोझो सेटमा पराजित भएको हो। कास्कीले अर्को खेलमा लमजुङलाई २५-१९, २५-१७ मा जितेको छ । स्याङजाले मुस्ताङलाई २५-४ र २५-१४ को सोझो सेटमा पराजित गर्दा पर्वतले बागलुङलाई २५-२०, २५-१५ को सोझो सेटमा र मनाङले मुस्ताङ लाई ६-२४ र २५-२० को सोझो सेटमा पन्छाएको हो। गण्डकी प्रदेश स्तरिय महिला भलिवल प्रतिोगिता यही असार १६ गतेसम्म पोखरा रंगशालाको मल्टी प्रपोज कबर्डहलमा हुदैछ। गण्डकी प्रदेशका कास्की सहित ११ जिल्लाको सहभागिता रहेको उक्त प्रतियोगितामा विजेता टिमलाई एक लाख नगद पुरस्कार प्रदान गरिने भएको परिषदका सदस्य सचिव श्रीधर शर्माले बताउनु भयो।

प्रतियोगितामा उपविजेताले ७० हजार र तेश्रो हुनेलाई ४० हजार साथमा ट्रफी र प्रमाण पत्र वितरण गरिने भएको उहाँले बताउनु भयो । प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर र उत्कृष्ट सेटर समेत घोषणा गरिने भएको छ। उक्त विधामा विजेताहरुलाई जनही ५ हजार पुरस्कार प्रदान गरिने भएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पहिरोले राजमार्गमा यात्रुलाई सास्तीपछि वैकल्पिक सडक सञ्चालन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

पुष्पलाल-मध्यपहाडी राजमार्गअन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिका-३ पाउदुरमा पहिरोले गर्दा दैनिक सडक अवरुद्ध हुँदै आएको छ।

साविक धौलागिरिका चार जिल्लासहित सोही राजमार्ग हुँदै पूर्वी रुकुम र रोल्पासम्म पुग्ने नागरिक छिनछिनमा खस्ने पहिरोले सडक अवरुद्ध हुँदा समस्यामा परेका छन् । एकतर्फीरूपमा मात्र यातायात सञ्चालन गरिँदै आएको साँघुरो सडकमा खसिरहने पहिरो र हिलोमा सवार साधन फसेर सुत्केरी, बिरामी, जन्ती र यात्रुलाई सास्ती भएपछि गण्डकी प्रदेश सरकारले विकल्प खोजी गरेको छ।

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली, मन्त्रालयका उपसचिव लक्ष्मी भण्डारी, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसी, मध्यपहाडी राजमार्ग आयोजनाका प्रतिनिधिलगायतको टोलीले शुक्रबार राजमार्गको स्थलगत अवलोकन गरी विकल्प खोज्ने निर्णय गरेको हो।

पोखरा-बाग्लुङखण्डमा भएको सवारी जामको समस्या हटाउन दुई वटा वैकल्पिक सडक सञ्चालन गरिने पूर्वाधार विकास कार्यालय पोखराका प्रमुख महेन्द्र बानियाँले बताउनुभयो । उहाँका अनुसार ठूला सवारी साधनले राजमार्ग नै प्रयोग गर्ने, साना सवारी साधनको काँडे-मनाङ्चे-पत्थरचोक र पत्थरचोक-पाउदुरकोट सडक प्रयोगमा ल्याउने गरी व्यवस्थापन गर्न लागिएको हो । उहाँले भन्नुभयो, "पाउदुरको पहिरोले केही दिनदेखि यात्रु समस्यामा परेको धेरै गुनासा आएपछि हामीले जाम कम गर्न र सहज यात्राका लागि वैकल्पिक सडक प्रयोगमा ल्याउने निर्णय गरेका छौँ । यसबाट घन्टौँसम्म जाममा पर्ने समस्याबाट नागरिकले छुटकारा पाउने छन् ।"

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र मध्यपहाडी लोकमार्ग सडक आयोजनाले गाउँपालिकासँग समन्वय गरेर तत्काल वैकल्पिक सडक मर्मत गरेर जीप, ट्याक्सी र मोटरसाइकल सञ्चालन गर्न सकिने बनाइनेछ । वैकल्पिक सडक भएमा सवारी साधनको चाप घट्ने र ठूला गाडीलाई पहिरो पार गराउन सहज हुने प्राविधिकले सुझाव दिएका थिए। गण्डकीको पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, लुम्बिनीको पूर्वी रुकुम रोल्पाको समेत मुख्य राजमार्गका रूपमा रहेको मध्यपहाडी लोकमार्गको पाउदुर खण्डमा दैनिक घन्टौँसम्म अवरुद्ध हुदाँ सयौँ यात्रु जाममा परेर दुःख पाएका छन्।

चार वर्षअघि भासिएको सो सडकमा पहिरो रोकथाम गर्न रु तीन करोड ५० लाखमा ठेक्का लिएको ओमबुद्ध इन्टरनेशनलसँगको सम्झौताको दोस्रो पटक थपिएको म्याद यही असार ५ गते सकिएको छ। हालसम्म करिब ३० प्रतिशत भौतिक प्रगति छ । जम्मा ८० मिटर क्षेत्रलाई स्टेभल बनाउने कार्यअन्तर्गत ६५ मिटरको फाउन्डेसन बनेको छ भने १५ मिटरको काम अझै सुरु भएको छैन। तत्काल सडक निर्माण हुने नदेखिएपछि पहिरो नियन्त्रणको वैकल्पिक उपाय खोजेर नियमित यातायात सञ्चालनका लागि प्रयास गरिएको मन्त्री जुग्जालीले बताउनुभयो । उहाँले भन्नुभयो, "साविक धौलागिरि क्षेत्रको 'लाइफलाइन'का रूपमा रहेको राजमार्ग अवरुद्ध हुँदा यात्रुले दुःख पाएका छन् । जनताली थप कष्ट नहोस् भनेर वैकल्पिक सडक प्रयोगमा ल्याउने निर्णय गरी सम्बन्धित निकायलाई निर्देशनसमेत दिएका छौँ।"

# पौडेलद्वय २५ औं पोखरा सडक महोत्सवको संयोजक र सह-संयोजकमा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

रेष्टुरेण्ट एण्ड बार एसोसियसन (रेवान) पोखरा २५ औं सडक महोत्सवको तयारीमा जुटेको छ।

अंग्रेजी नयाँ वर्षका अवसरमा सञ्चालन हुने महोत्सवको यो संस्करणका लागि रेवानले संस्थाका प्रथम उपाध्यक्ष विश्वराज पौडेललाई संयोजकमा चयन गरेको छ । त्यसैगरी सह-संयोजकमा सह-कोषाध्यक्ष वैभव पौडेल चयन भए।

रेवान पोखराका अध्यक्ष नरेश भट्टराई अध्यक्षतामा बुधबार पोखरामा बसेको कार्यसमिति तथा सल्लाहकार सहितको बैठकले पौडेलद्वयलाई संयोजक र सह-संयोजकमा चयन गरेको हो । 'सडकमै खाऔं, सडकमै नाचौं, सडकमै रमाऔं' भन्ने मुल नारा सहित आउँदो पुष १३ देखि महोत्सव लेकसाइडको झण्डै ४ किलोमिटर क्षेत्रमा सञ्चालन हुनेछ। यसपटक नारा अनुसार अधिकांस कार्यक्रम सडक लक्षित हुने संयोजक पौडेलले बताए। रजत महोत्सव समेत भएकाले पहिलाको भन्दा केहि पृथक हुने उनको भनाई छ। यसपटक गण्डकी प्रदेशका जिल्लाहरुलाई प्राथमिकतामा राख्दै ११ जिल्लाकै साँस्कृतीक समुह सडकमा उतार्ने उनले जनाए । पोखराको पर्यटकीय गतिविधि चलायमान बनाउन, धेरैभन्दा धेरै स्वदेशी तथा विदेशी पाहुना पोखरा भित्र्याउन यो महोत्सव सफल रहेको सह-संयोजक वैभवको भनाई छ।

विगत वर्षहरुमाझैं यस वर्ष पनि साँस्कृतिक कार्यक्रम, मौलिक भेषभुषा प्रदर्शन सँगै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खानाको प्रदर्शन, दोहोरी गित प्रतियोगिता, झाँक्री प्रदर्शन, रात्रीकालिन कन्सर्ट, बोट रेस, खुल्ला भेट्रान टेनिस प्रतियोगिता, वेटर रेस, टग अफ वार तथा पोखराको प्रमुख गन्तव्य सहितको डकुमेन्ट्री प्रदर्शन गरिने पौडेलले बताए।

# असारे...

कोभिड १९ बाट प्रभावित भएको पर्यटन क्षेत्रलाई यस्ता मेला र महोत्सवले पर्यटन प्रबर्द्धनमा थप सहयोग पुग्ने उनले जनाए । उक्त महोत्सवमा १५ भन्दा बढी देशका ५ सय जना विदेशी पर्यटकहरु सहभागि हुने भएको अध्यक्ष श्रेष्ठले दाबी गरे। महोत्सवमा छिमेकी मुलुक भारत, चाइना, अमेरीका, यूरोप लगायतका देशका पर्यटकको साथमा आन्तरिक पर्यटकहरुको समेत सहभागिता हुने भएको उनले बताए।

पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रबर्द्धनमा हुने उक्त महोत्सवमा नेपाली परम्परागत रुपमा चल्दै आएको चलन, रितीरिवाज, कला संस्कृति विदेशी पर्यटकहरुलाई प्रर्दशन गर्दै पन्चे बाजाको साथमा लोकगीत समेत प्रस्तुतः गरिने भएको महोत्सव संयोजक कृष्ण भण्डारीले बताए। मोत्सवको आकर्षणको रुपमा चर्चीक गायक प्रकाश सपुत लगायतका कलाकारको बिषेश प्रस्तुती समेत रहने भएको छ। असार १५ अर्थात राष्ट्रिय धान दिवसको अवसरमा स्थानिय महेन्द्र भण्डारीको ७ रोपनी क्षेत्रफल र बिष्णु भण्डारीको ५ रोपनी क्षेत्रफल भएको खेतमा नेपाली परम्परागत रुपमा धान रोपाई महोत्सव हुन लागेको हो।

पोखरा वरिपरि रहेका खेतियोग्य जमिनलाई संरक्षण गर्दै लैजान, कृषकहरुलाई आफू नो पेशा प्रति उत्प्रेरित गर्न उक्त महोत्सवले थप टेवा दिने संयोजक भण्डारीले बताए । उक्त महोत्सवमा ५ जना किसान र ४ वटा कृषि उत्पादन संघ संस्थालाई सम्मान गरिने भएको छ । पोखरा महानगरपालिका वडा नम्बर १३ र १८ को कृषि संजालको समन्वयमा हुने उक्त महोत्सवमा असारे रोपाई गित प्रतियोगिता, स्वदेशी तथा विदेशीहरुको लागि हिले दौड प्रतियोगिता त्यसै गरी रस्साकसि, माछा छोप्ने लगायतका विभिन्न कार्यक्रमहरु हुने भएको अध्यक्ष श्रेष्ठले जनाए। असार १५ मा खेतको हिलोमा टेकनु पर्छ भन्ने मान्यताका साथ सहभागिहरुलाई हिलोमा टेक्ने गरी महोत्सव गर्न लागिएको हो। त्यसै बिच पोखरा २५ हेमजा सहितका केही ठाँउमा समेत असारे रोपाई महोत्सव हुने भएको छ।

# पोखरा महानगर क्रिकेट समितिको अध्यक्षमा बीरेन्द्र पुन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

पोखरा महानगर क्रिकेट समितिको अध्यक्षमा बीरेन्द्र पुन चयन भएका छन्।

बुधबार पोखरामा सम्पन्न क्रिकेट प्रेमीहरुको भेलाले पुनको अध्यक्षतामा ७ सदस्यिक कार्यसमिति चयन गरेको हो। समितिको उपाध्यक्षमा गोविन्द प्रधान सचिवमा कपिल देव गौतम तथा कोषाध्यक्षमा ऋषिकेश सर्मा पौडेल चयन भए। त्यसैगरी सदस्यहरुमा भरत थापा, देवी लामा र अभिनय श्रेष्ठ चयन भए। नवनिर्वाचित अध्यक्ष पुनले कास्कीमा ग्रासरुट क्रिकेट विकासका लागि अभियानको थालनी गर्ने बताए। यसका लागि पोखरा महानगर अन्तर्गतका सम्पूर्ण विद्यालयहरुमा क्रिकेटका कार्यक्रमहरु सञ्चालन गरिने उनले जनाए। पोखरामा रहेका विभिन्न क्लवहरुविच क्रिकेटका प्रतिस्पर्धात्मक कार्यक्रम गरिने, खेलाडीहरुको क्षमता अभिबृद्धिका लागि प्रशिक्षण दिइने, महानगरभित्रका वडाहरुविच वडा कप प्रतियोगिता आयोजना लगायतका कार्यक्रमहरु अघि सारिने पुनको भनाई छ। त्यसैगरि अन्तर महानगरिय मेयर कप क्रिकेट प्रतियोगिता समेत आयोजना गर्ने समितिको योजना रहेको अध्यक्ष पुनले बताए। यि सबै कार्यक्रमका लागि कास्की जिल्ला क्रिकेट संघसंग समन्वय गरिने पुनको भनाई छ। पोखरा महानगर खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काको विशेष उपस्थितीमा उक्त समिति निर्माण गरिएको हो । सो अवसरमा खड्काले नेपालमा क्रिकेटको लोकप्रियता निकै माथि पुगेको बताए। 'हाम्रो देशले विश्वकप खेल्न सक्ने खेल क्रिकेटनै हो, यसमा सम्भावनानै सम्भावना छ'-खड्काले भने । नवनिर्वाचित समितिलाई बधाई ज्ञापन गर्दै समितिका आगामी कार्यक्रमहरु सफल पार्न समितिले सहयोग गर्ने प्रतिवद्धता जाहेर गरे।

# गण्डकीको बजेट खर्च ४७ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

गण्डकी प्रदेशले आर्थिक वर्ष २०७९/८० मा आधा बजेट पनि खर्च गर्न सकेको छैन। असार दोस्रो सातासम्ममा कुल बजेटको ४७ दशमलव ५९ प्रतिशतमात्र बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

चालु आवका लागि रु ३५ अर्ब ९० करोड ९० लाख बजेट विनियोजन गरिएको थियो । कार्यालयका अनुसार आर्थिक वर्ष सकिन लाग्दा रु १७ अर्ब आठ करोड ९२ लाखमात्र बजेट खर्च भएको हो। असार लागेपछि विकास निर्माणको काम गरी बजेट सक्ने परिपाटी पुरानै समस्या हो । गण्डकीमा चालु आवको असारमा उल्लेख्यरूपमा खर्च बढेको छ । कार्यालयबाट एक दिनमै रु १० करोडसम्म निकासा भएको कार्यालयका लेखा अधिकृत लक्ष्मीकान्त शर्मा पौडेलले जानकारी दिनुभयो।


उहाँका अनुसार असारमा चालुगत खर्चभन्दा पुँजीगत खर्च बढ्ने गरेको छ। चालु वर्षका लागि विनियोजित बजेटमध्ये असार १२ गतेसम्म चालुतर्फ रु छ अर्ब ८६ करोड २० लाख र पुँजीगततर्फ रु दश अर्ब २२ करोड ७१ लाख खर्च भएको तथ्याङ्क छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशका ११ जिल्लामा अबको १८ दिनमा रु नौ अर्ब ८४ करोड २५ लाख अर्थात् ७० देखि ७५ प्रतिशत बजेट खर्च गर्ने अनुमान गरेको छ। सामान्यतः आर्थिक वर्षको बजेट २५ असारसम्म निकासा हुने चलन छ । केही समस्या भएमा निवेदनका आधारमा वा केन्द्रको मन्त्रिपरिषद्को निर्णयका आधारमा असार मसान्तसम्म रकम निकासा लिने पुरानै चलन हो। "हामीले अन्तिमसम्म ७० देखि ७५ प्रतिशतसम्म बजेट खर्च गर्न सकिन्छ कि भन्ने छ", लेखा अधिकृत पौडेलले भन्नुभयो।

समग्रमा अरु प्रदेशको तुलनामा गण्डकी प्रदेशको खर्च सन्तोषजनक रहेको उहाँको भनाइ छ। "बजेटको सिद्धान्तअनुसार हाम्रो घाटा बजेट हो", उहाँले भन्नुभयो, "हामीले यहाँ शतप्रतिशत खर्च गर्ने हो भने त हामी घाटामा गइन्छ, त्यसैले यो प्रतिशतको खर्च त्यति नराम्रो होइन।" सबैले पहिलो र दोस्रो चौमासिकमा खर्च नै नगर्ने र तेस्रो चौमासिकको पनि असारमै बजेट लिनुपर्छ भन्ने पुरानै प्रवृत्ति रहेको उहाँले सुनाउनुभयो।

बजेटमा देखिएको असारे विकास रोक्न कार्यालय, उपभोक्ता र निर्माण व्यावसायी मिलेर जानुपर्ने लेखा अधिकृत पौडेलको भनाइ थियो। "हाम्रोमा असारे विकास भन्ने शब्द धेरै चर्चामा छ, यसलाई न्यूनीकरण गर्न सबैले साथ दिन जरुरी छ", उहाँले भन्नुभयो, "यसका लागि कार्यालय, उपभोक्ता र निर्माण व्यवसायीबीच समन्वय गरी समयअनुसार काम गर्ने/गराउने गरे यो समस्यामा कमी आउँथ्यो होला।"


◆मानो रोपौं, मुरी फलाऔं,
◆खेतीयोग्य जमिन बाँझो नछोडौं,
◆पसिना बगाऔं, समुन्नत बनौं,
◆आफू र देशलाई परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो मिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# असार १५ फेसन नबनाऊँ

नेपाली किसानले १५ असारलाई ब्यस्त दिनको रुपमा लिन्छन् । मानो रोपेर मुरी उब्जाउने दिनको रुपमा चित्रित गरिन्छ । नेपालमा असार १५ लाई धान दिवस मनाउन थालिएको छ। असार १५ मा दही चिउरा खाएर हिलोमा खेल्ने चलन छ । पहाडमा असार १५ धान रोपाइँको व्यस्त हुने दिन मानिन्छ नेपालीहरु खेत बाँझै राखेर चामल आयात गर्ने अवस्था छ। नेपाल चार दशकअघि चामल निर्यात गर्ने देशमा थियो । धान चामल निर्यात कम्पनी खुलेको थियो। यी अहिले एकादेशको कथा भएका छन। नेपालको मौलिक र रैथाने खेती प्रणालीलाई तहस नहस पारे पछि चामल आयात गर्ने मुलुकमा पर्न थालेको छ। नेपालको कृषि नीति देशलाई अघि बढाउने भन्दा विदेशी अनुदान लिने, घुमफिर गर्ने र प्रोजेक्ट चलाउनेमा सिमित हुन पुग्यो। कृषिमा सरकारले केही अनुदानको व्यवस्था गर्न थालेको छ। सारकारले दिने अनुदान प्रस्ताव बनाउन जान्नेले पाउने तर काम गर्न नआउने अवस्था छ। जसले काम गर्छ उसले प्रस्ताव बनाउन सक्दैन । जसलाई दिन पर्ने हो उसले नपाउने जसलाई नदिए हुन्छ उसले पाउने अवस्था विद्यमान छ। बजेटका माध्यमबाट लुटेर खाने हावी भएका छन।सरकारले बजेटमा पनि कृषिमा जति हुन पर्ने हो त्यो हुन सकेको छैन।

कृषिलाई प्राथमिकतामा राखेर कार्यक्रम बन्न नसकेसम्म अवस्था फेरि पनि आयात मै निर्भर हुनसक्छ। गाउँमा काम गर्ने जनशक्तिको अभावमा पाखोवारी खाली छन् । नेपाल कृषि प्रधान देश भएको हुँदा अझैपनि धेरै जनसंख्या कृषिमा आश्रित छन् । नेपालको अर्थतन्त्रमा कृषिको योगदान विस्तारै कम हुंदै गएको छ । कृषिवालीमा सवैभन्दा मुख्य धान भएको हुँदा अर्थतन्त्रमा यस्को अंश उल्लेख्य छ। नेपालमा १३० जातका धान सुचित छन।धानको धेरै जात हुनु फरकफरक स्वादको माग हुनु हो।देशको अर्थतन्त्रमा धानको योगदान १ खर्व रहेको अनुमान छ । खाद्यन्नको रुपमा चामल नै मुख्य हुँदा उत्पादन वृद्धिले ठूलो अर्थ राख्ने गरेको छ। नेपालले असार १५ लाई धान दिवसको रुपमा मनाउने गरेको छ। दिवस अवसर पारेर नेता र उच्च पदाधिकारी लगाएर रोपाईँमा सामेल भएको देखाउने गरेका छन् । केहि वर्षदेखि सहरबजारका युवापिंढिका लागि असार १५ हिलोमा खेल्ने मनोरञ्जनको साधन वनेको छ। पोखरा पर्यटन परिषद्को आयोजनामा १८ औं संस्करणको रोपाइँ महोत्सव पोखरा -१३ कसेरीमा मनाइदैछ।पर्यटक र नयाँ पिँढीलाई हिलोमा टेक्ने बानी पार्न खेलकुद र मनोरञ्जनात्मक कार्यक्रम राखिएका छन।रोपाइँ महोत्सव गरेर धान रोपाईँको महत्वभन्दा हिलोमा खेलेर रमाउने र सामाजिक सञ्जालमा पोष्ट गर्ने गतिलो औजार भएको छ । आफ्नो खेतवारी बाँझो राख्ने, बाबुआमालाई नसघाउने पनि १ दिन हिलोमा टेकेर कृषिकर्मप्रति लागेको देखाउने गरेका छन् । वस्तविकता भन्दा देखावटिका लागि दिवस बन्ने गरेका छन् ।

धान दिवस मनाएपछि कति उत्पादन बढ्यो भन्ने कुनै तथ्याङ्क कृषि मंत्रालयले दिने गरेको छैन् । तथ्याङ्कका आधारमा नीति बनाउनुभन्दा हचुवाका भरमा लक्ष्य तोक्ने र हचुवाकै भरमा प्रचार हुने गरेको छ । धानको उत्पादकत्व बढाउनका लागि बनाइएका योजना वास्तविकतासँग मेल खान्छन् कि खाँदैनन् भनेर कहिल्यै समिक्षा हुँदैन् । धानमा आत्मनिर्भर हुने घोषणा गरिएको छ। रोपाइँ गर्ने बेला रासायनिक मल पाउन सकेका छैनन्। सरकारले किसानलाई मल दिन सकेको छैन। सरकारको प्राथमिकता किसानलाई मल दिन परेको छैन। सत्ता टिकाउने, कमिसन खाने मात्र छ। सरकारले धानको उत्पादन बढाउन मल, बीउ, सिंचाइ र उन्नत प्रबिधि भित्र्याउने बनाउन सकेको छैन। बनाइएका योजना पनि यथार्थपरक नहुँदा र काम गर्नसक्ने जनशक्ति तयार नभएसम्म कार्यान्वयनमा आउन सक्दैन । नेपालमै श्रम गरेर जीवन धान्न सकिन्छ र त्यसवाट केहि नाफा पनि हुन्छ भन्ने सन्देश युवा शक्तिमा प्रवाह गर्न सक्नु पर्दछ।

तराई र ठूला फाँटमा आधुनिक प्रविधिले गर्दा खेती गर्न सजिलो र कम समयमा सकिने अवस्था छ। पहाडमा भने जनशक्ति र प्रबिधिको अभावमा जमिन बाँझै रहेका छन् । काम गर्ने जनशक्ति वैदेशिक रोजगारीमा गएको र शहर बजारमा बसाइँसराइका कारण खेती गर्ने जनशक्तिको अभावमा जमिन बाँझो रहने गरेको छ । सरकारले स्वदेशमै रोजगारी दिन नसक्दा र स्वदेशमा भन्दा बिदेशमा नगई जीवन चल्दैन भन्ने मानसिकता छ । सरकारले कृषिमा दिएको अनुदान कृषकसम्म पुग्न सकेको छैन । कृषिमा आधुनिक प्रबिधि भित्र्याउन थालिएको छ। आधुनिक प्रबिधिको प्रयोगले थोरै जनशक्तिले धेरै काम गर्न सक्ने भएको छ। समयमै मनसुन शुरु भएको कारण धान रोपाइँ भएको छ । बाढी र पहिरोले गर्दा खेतीयोग्य जमिन बगाएको छ। बाढी, पहिरो र डुबानको चुनौती खडा भएको छ। मौसमले साथ दिएको हुँदा रोपाइँ धमाधम भए पनि अतिवर्षाबाट हुने क्षति कम गर्न किसानलाई सल्लाह दिनु आवश्यक छ। कृषि नै धन हो भन्ने भावना जागृत गराउन सकेमा नेपाल केही वर्ष पछि धानमा आत्मनिर्भर हुन सक्छ। धान दिवस मनाउनु भनेको हिलोमा खेल्ने मात्र होईन । धानको महत्व बुझाउने, कृषि पेशा सम्मानित पेशा हो भन्ने सन्देश दिनु पनि हो । जसले अन्न उत्पादन गर्छन तिनै हाम्रा देवता हुन भन्ने सन्देश दिन सकेमा मात्र राष्ट्रिय धान दिवस मनाएको सार्थकता रहनेछ।

# रोपाई महोत्सव असार १५

शिव प्रसाद गौतम



धान खाद्यान्नमा सर्वोत्कृष्ट मानिएको छ । विश्वका सबै देशहरुमा धान खेतीको अत्यन्त महत्वपूर्ण स्थान छ। यो अन्न बालक, युवा र वृद्ध सबैको खाद्यान्नको प्रमुख अन्नबाली हो । एशिया महादेश विश्वभरिकै सबभन्दा बढी धान उत्पादन गर्ने क्षेत्र भएकोले विगत चार दशकदेखि यहाँ धान उत्पाद वृद्धिका निम्ति नश्ल सुधारका उद्देश्यले अत्यन्तै धेरै अनुसन्धान र अन्वेषणहरु भइरहेका छन् । कथित "उन्नत" वा "उच्च उत्पादक प्रजाति" को विकास एवं प्रवर्द्धन गरी बढ्दो जनसङ्ख्या र स्थिर कृषि भूमिको कारणले खाद्यान्न उत्पादनमा आसातित लक्ष्य प्राप्त गर्ने उद्देश्यले "हरित क्रान्ति" को अवधारणा ल्याइयो । कृत्रिम रासायनिक मलखाद र विषादीहरुको अनधिकृत तथा अनुचित प्रयोग यान्त्रिकरणका माध्यमद्वारा जमिन तयारी र सुलभ सिंचाई सहितो संयुक्त प्राविधिक प्याकेज सहितको हरित क्रान्तिले एशियाका धेरैजसो धान खेती गर्ने समुदायको अवस्थामा परिवर्तन ल्याउन खोजेको जस्तो आभास पनि भयो । प्रारम्भिक चरणमा त्यो प्रविधिले उत्पादनमा वृद्धि पनि भएको थियो तर सन् १९८० को दशकदेखि उन्नत प्रजातिको धानको उत्पादनमा जब स्थिरता देखिन थाल्यो तब हरित क्रान्तिले ठूलो धक्का बेहोर्नु पर्‍यो । अनधिकृत र अनुचित रूपमा भएको रासायनिक मलखान र कृषि विषादीको प्रयोगले माटोको उर्वरशक्तिमा ह्रास हुँदै गयो भने वातावरण र मानव स्वास्थ्यमा पनि नयाँ नयाँ रोगहरु उत्पन्न हुन थाले पछि यसको आकर्षण घट्न थाल्यो । त्यसपछि रासायनिक मलखाद र विषादीहरुको प्रयोगका कारण बढिरहेको परनिर्भरता र यसले निम्त्याएको आर्थिक बोझ तथा आनुवांशिक क्षयिकरणका कारण हरित क्रान्ति प्रति पनि नकारात्मक सोच हुँदै गयो । धानको बिउका लागि एउटा व्यापारिक संस्थालाई हस्तान्तरण गरियो । धानको बिउ उत्पादनमा एउटा कम्पनीको मात्र एकाधिकार हुन गयो।

नेपालका रैथाने जातका उच्च कोटीका धानका बिउ हराउँदै गए । जेठोबुढो, पहेले, मार्सी, झिनुवा, बासमती, आपझुत्ते, गुणे जस्ता रैथाने बिउ हराउँदै गए। तिनको ठाउँमा नस्ल सुधार गरिएका वर्णशंकर धानको बिउले स्थान लिन थाले । पहिले पहिले कृषकहरुले राम्रा राम्रा बालाहरु टिपेर धानको बिउ राख्थे । यो प्रक्रियालाई बिउ बल्याउने भनिन्थ्यो। बल्याएर घाममा राम्रोसँग सुकाएर राखेका धानको बिउ अति नै प्रभावकारी हुन्थ्यो । यस्तो धानको बिउ रोप्दा उत्पादन पनि बढी हुन्थ्यो । यो पुरानो चलनलाई आधुनिक वर्णशंकर प्रणालीबाट विस्थापित गर्दा उत्पादनमा वृद्धि होला भन्दा २/३ वर्ष त सामान्य वृद्धिका साथ धान उत्पादन हुन्थ्यो, जति समय बित्दै गयो त्यति उत्पादन घट्दै गयो। कृषि क्षेत्रलाई विषयगत सामेल गरेपछि यसका बारेमा नयाँ ढंगबाट थप अनुसन्धानहरु कायमै छन् र जारी गरिएका सहमति सम्झौता, अनुबन्धनका मार्फत धान माथिको नियन्त्रण कुनै एउटा व्यापारिक संस्था वा व्यक्तिमा हस्तान्तरण गर्ने प्रक्रिया क्रियाशील मै रहिरह्यो । यसले गर्दा रैथाने धान लोप हुँदै गयो । वर्णशंकर धानले कृषकहरुमा प्रवेश पायो। यो धानबाली राम्रो बनाएर बढी उत्पादन गरेर संसारमा बढेका खाने मुखमा भातको बुझो लगाउन अहिले आएर बडो कठिन भएको छ।

यहाँ रैथाने र वर्णश.कर धानको बीउ भनेका के हो ? किसानले राम्रोसँग नबुझेको अवस्था छ। रैथाने विशेषण शब्द हो। रहनथान = रैथाने हो। अर्थात् कुनै ठाउँको पहिलेदेखिको वा पुरानो वासिन्दा आदिवासी ठालु, श्रेष्ठ, स्थानपति, क्षेत्रपाल भन्ने जनाउँछ। हाम्रो नेपालका तराईमा बास्मति, कनकसजिरा, मनसुली आदि स्थानीय जातका धान हुन् भने मध्य पहाडी क्षेत्रका जेठो बुढो, मार्सी, पहेले, रमनी, आप झुत्ते, कोइली, मन्सरा, झिनुवा, गुणे, सेतो रातो आदि इत्यादि रैथाने जातका धान हुन्। अहिले यी रैथाने जातका पुरानो बिउँ मासिएर गए। वर्णशंकर जातका बिउ, बिउ उत्पादन गर्ने संस्थाहरुले सोझा किसानकहरुलाई भिडाएका छन् । वर्णशंकर भन्नाले दुई अलग जातिका धानबाट उत्पादन गरिएको धानको बिउ सन्तान, ठिमाहीलाई वर्णशंकर भनिन्छ। अन्तर्जातीय स्त्री-पुरुषको सम्बन्धबाट जन्मेको, ठिम्मल, वर्णशंकर सन्तानलाई ठिमाहा भनिन्छ । त्यस्तै भिन्नाभिन्नै अन्नका बिउ मिसिएर, मिसाएर उम्रिएको वा उब्जिएको (अनाज), नाभोलाई ठिमाहा भनिन्छ । यस्तो वर्णशंकर बिउबाट पुनः धानको बिउ उत्पादन गर्न मिल्दैन । यस्तो बिउ उत्पादन गरेर त्यही बिउ पुनः रोप्यो भने यसबाट उत्पादन हुँदैन । कहिलेकाँही कृषकले रोपेको यस्तो बिउको बिरुवा त राम्रो देखिन्छ तर फल लाग्दैन र कृषकहरु ठूलो घाटामा परेको उदाहरणहरू प्रशस्त देखिन्छन् । धान मकैका वर्णशंकर बिउ रोपेर फल नलागेर सरकारले वितरण गरेको बिउबाट उत्पादन भएन भनेर सरकारसँग क्षतिपूर्ति माग गर्न कृषकहरुले सम्बन्धित कार्यालयमा आन्दोलनको माध्यमबाट क्षतिपूर्ति माग गरेको उदाहरण प्रशस्त छन् ।

वर्णशंकर धान र किसानहरुको परम्परागत धानमा के फरक छ ? भन्ने प्रश्नको उत्तर कृषकले पाउनै पर्छ। तर वर्णशंकर धानको बिउको गुण तथा चरित्र र रैथाने धानको बिउको चरित्र र गुण के हुन्छ भन्ने कुरा कृषकले बुझ्न पर्छ तर नबुझी नयाँ नयाँ जातको बिउ खोजेर खेती गर्छन् र आफैं ठूलो घाटामा पर्छन् । धानको हरेक बिरुवामा स्वयम् सेचन युक्त शक्ति हुन्छ अर्थात् धानको प्रत्येक बीउ स्वयं गर्भधारित हुन्छ। धानको गुण र उत्पादकत्वमा धानको यही निहित गुणको कारणले किसानहरुले बिना कुनै उल्लेखनीय परिवर्तन नगरी पुस्तौं पुस्तासम्म उत्पादित धानलाई निरन्तर बचाइराख्न, पुन प्रयोगमा ल्याउन र एक आपसमा बिउ साटासाट गर्न सक्षम हुन्छन्। परम्परागत प्रजातिहरु, भूमि प्रजातिहरु (रैथाने) प्रजातिहरु- भूमि प्रजाति वा रैथाने प्रजाति भन्नाले बालीको त्यो पुरानो र खेती गरिएको प्रजाति भन्ने बुझिन्छ । जुन जंगली प्रजातिहरुबाट उत्पत्ति भएको र सामान्यतया विभिन्न प्रकारका वंशजहरुको विविधतापूर्ण समिश्रणले बनेको हुन्छ।

वर्णशंकर धानको बिउको विकास हुनुभन्दा अगाडि कृषकहरुले आफ्नो प्रजातिको धान राम्रोसँग पाकेपछि अर्को सालको बिउको लागि राम्रो राम्रो धानको बाला बिउका लागि भनेर बिउ बेल्याउने गर्थे । राम्रो बिउ भनेर राख्थे। पछि पछि कृषकले धानको बिउ बल्याउन छोडेर बजारमा बेच्न राखेको धानको बिउ सालिन्दा किनेर रोप्त थाले । पहिलो साल राम्रो उत्पादन भयो भनेर अर्को साल पनि किनेको धानको बिउ आफ्नो खेतमा रोप्न थाले । जसले गर्दा पुराना जातका रैथाने जातका धानहरु लोप हुन गए। किसानले विकास गरेका प्रजातिहरु र आधुनिक प्रजातिहरु समेत खुलासंचित वा आन्तरिक प्रजनन युक्त मानिन्छन् । वर्णशंकर धानको विकासका लागि भाले बन्ध्याकरण प्रणालीको उपयोग गरिन्छ । एक प्रजातिबाट अर्को निकै भिन्न प्रजातिमा परागको स्थानान्तरण यसले सजिलो पार्छ । यसबाट वर्णशंकर बिउको प्रथम पुस्ता उत्पादन गर्न सकिन्छ । आन्तरिक प्रजननयुक्त स्वयम् सञ्चित बिउ भन्दा पृथक हुन्छ । वर्णशंकर बालीको धानको बिउ राख्न सकिदैन। यदि वर्णशंकर बालीलाई बिउ राखी सो बिउलाई पुनः प्रयोग गरिएमा यसबाट उत्पादित बालीबिरुवा असमान र अस्थिर हुने मात्र होइन, किसानहरुको लागि निक्कै नोक्सान पुर्‍याउने गरी उत्पादनमा समेत ह्रास आउँछ।

अहिले नेपालका किसानले आफ्नै कारणले रैथाने जातका धानहरुको बिउको सञ्चय नगर्दा आफैले सालिन्दा वर्णशंकर धानको बिउ प्रति केजी रु. ३००|- का दरले कृषि सहकारीबाट खरिद गरेर प्रयोग गरेका छन् । यसले उत्पादन कस्तो हुने हो सुनिश्चितता छैन। रासायनिक मलको प्रयोग गर्नाले धान खेलमा अम्लियपन बढ्दै गएको र वर्णशंकर बिउको प्रयोगले कृषि उत्पादनमा प्रत्येक वर्ष ह्रास हुँदै गएको छ । अहिले नेपालका कृषकहरु धान लगायतका अन्य फलफूल तरकारीको बिउ बिजन वर्णशंकर जातिको खरिद गर्न बाध्य भएका छन्। पशुपालन गरेर प्राङ्गारिक मल प्रयोग गर्न छाडेका र रासायनिक मल, बिउबिजन र किटनाशक औषधीको प्रयोगबाट उत्पादित अन्य सागसब्जी र फलफूल प्रयोग गर्नाले मानिसहरू धेरै रोगी भएका छन्।

हाल आएर नेपालमा प्रत्येक कृषकहरु वर्णशंकर धानको बिउ खरिद गरेर धान खेती गर्नु भन्दा आफ्नै परम्परागतको धानको बिउको खोजीमा छन् तर यी जातिका धानका बिउ हाल नेपालमा पाइँदैनन् । चीन विश्वमा सबैभन्दा बढी धान उत्पादन गर्ने देश हो । चीनको यो सफलताबाट प्रभावित भएर जनगणतन्त्र चीन, अन्तराष्ट्रिय धान अनुसन्धान केन्द्र संस्था फिलिपिन्समा खोलियो । हाम्रो नेपालको रैथाने जातको गुणस्तरिय जातको धानको बिउ खोज्न नेपालका किसान सो संस्थासँग सम्बन्ध राख्नु पर्छ र राखे पनि पाउने कमै सम्भावना हुन्छ। वर्णशंकरको धानको बिउको प्रयोग गर्नाले आफ्नो गुणस्तरीय सस्तो र उत्पादनमा एकरुपता भएको धानको बिउ गुमाएर किन रोइस् मंगले आफ्नै ढंगले भन्ने उखान भोगिरहेका छन् । सरकारले पनि रैथाने जातको धान र अन्य अन्न बालीको संरक्षण तर्फ ध्यान नदिँदा देशमा अन्नबाली उत्पादन घटेर विदेशबाट खाद्यान्न आयात गरेर जनताको पेट भर्न महंगो पर्न गएको छ।

पहिले नेपालका कृषकहरु असार महिना भरी एकआपसमा पर्म (आ-आफ्ना पालो पालो गरी एकले अर्काको काम गरिदिने चलन परेली, पालो) प्रणालीबाट असार महिनाभरी धान रोपाइँ गरेर, धान खेती गर्थे । रोपाइँमा रमाइलो गर्थे । रमाइलो गर्ने क्रममा असारे गीत गाउँथे । हिलो खेल्थगे, खेतमा धान र आलीमा मास रोप्थे । खाजा- लट्टे, खट्टे, सेलरोटी तरकारी अचार खान्थे, असार १५ गतेलाई विशेष पर्व धान दिवस भनेर मनाउँथे। यो दिन दही चिउरा खाजा खान्थे । भगवान् गणेश, अन्नपूर्ण देवताको पूजा गर्थे। धानको बिउ, फलप्रसाद चढाउँथे । हली, बाउसे खेताला र गोरु समेतलाई रोपाइँ धनीले रातो अक्षताले टिका पनि लगाइदिन्थे। यो क्रम असार पहिना भरि नै चल्थ्यो । अपसोच अहिले देशका धान खेती गर्ने जमिनमा भू-माफियाहरुले बस्ती बसाएर खेत लोप गराए। पोखरामा धेरै धान खेतहरु थिए। जस्तै कुँडहर फाँट १०३० हेक्टर, फेवा फाँट ३३० हेक्टर, खुदी सिसुवा फाँट १२८०+५८० हेक्टर, बेगनास ५८० हेक्टर, बुडुवा फाँट २०० रोपनी, फूलबारी फाँट १५० रोपनी, धारापानी १५० रोपनी हर्पन फाँट ५०० रोपनी सबै फाँटहरु लोप भै सकेका छन् । जेठो बुढो, पहेले, मार्सी, झिनुवाको भात खान आत्मनिर्भर पोखरेलीहरु आज यस्तो मीठो खानबाट वञ्चित भएर भारतबाट आयातित कुहेका चामलको भात खान बाध्य छन् । किन रोइस् मंगले आफ्नै ढंगले भन्ने उखान सृजना भएको छ । जेष्ठ १५ देखि श्रावण १५ सम्म धानको रोपाइँ गर्ने नेपालका कृषकहरु आज आएर असार १५ गते एकदिन बडो तामझामका साथ लाजै नमानिकन हिलो खेलेर, दही चिउरा खाजा खाएर असारे गीत गाएर आज १ दिन रोपाइँ महोत्सव मनाइरहेका छन् । नहुनु मामाभन्दा कानु मामा निको। अस्तु।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०३/१४

अन्नपूर्ण गा.पि.शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं.१३७७ मिति २०८०/०३/१३ अनुमति पत्र तथा यस विद्यालयको मिति २०८०/०३/११ को वि.व्य.स. बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त हुन आएको मा.वि. राहत विज्ञान विषयको शिक्षक कोटमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

विज्ञापन नं.: ०१/२०७९/२०८०

पदः मा.वि. विज्ञान राहत शिक्षक संख्याः १ जना तहः मा.वि.

श्रेणीः तृतीय विषयः विज्ञान

उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको

योग्यताः विज्ञान विषय लिई स्नातक उत्तीर्ण गरेको

आवश्यक कागजातहरुः

- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

तलव स्केलः नेपाल सरकारले तोके वमोजिम

दरखास्त दिने अन्तिम मितिः २०८०/०३/२९ गतेसम्म

दरखास्त दस्तुरः रु १५००|- (एक हजार पाँच सय मात्र)

परीक्षाको किसिमः लिखित र अन्तवार्ता

नोटः यस विज्ञापन अनुसार शिक्षक सेवा आयोगको करार सूची २०७९ अनुसार सूचीमा रहेका उम्मेदवारहरुले आफु नियुक्त हुन चाहेमा सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो योग्यता क्रम सहित रोलपूर्वकको दरखास्त दिनुहोला। अन्यथा खुला प्रतिस्पर्धाबाट छनौट गरिने जानकारी गराईन्छ।

**श्री उमा माध्यमिक विद्यालय**

**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, कास्की**

**सम्पर्क नं.: ९८५६०२२४९८ अध्यक्ष, ९८४६४६८२१७ प्र.अ.,९८४६८३१४१६ स.प्र.अ.**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्थित अम्बोट तोरीको कोल पधेरोघर सडक निर्माण तथा पधेरो मर्मत कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : अम्बोट तोरीको कोल पधेरोघर सडक निर्माण तथा पधेरो मर्मत

ठेगानाः पोखरा-२१, कास्की

योजना सुरु हुने मिति : २०८०/०१/०६ गते

योजना सम्पन्न हुने मिति : २०८०/०२/३० गते

योजना सम्पन्न मिति : २०८०/०२/३० गते

योजनाको कुल लागत : रु. ५,५६,८३३.१४/-

महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००/-

जनश्रमदानबाटः ५६,८३३.१४/-

उपभोक्ता समिति अध्यक्षः गिता थापा (मो.९८२५१४७६०७)

उपभोक्ता समिति सदस्यः ०९ महिलाः ०३

**अम्बोट तोरीको कोल पधेरोघर सडक निर्माण तथा पधेरो मर्मत उपभोक्ता समिति पोखरा-२१, कास्की**


# 'लम्पी स्किन' का कारण म्याग्दीको चीज उद्योग बन्द

पोखरापत्र संवाददाता
म्याग्दी, १४ असार

हिमाली जिल्ला म्याग्दीमा 'लम्पी स्किन' बाट एक हजार छ सय ६९ गाईगोरु र भैंसी बिरामी परेपछि यहाँ सञ्चालित चीज उद्योग बन्द गरिएको छ।

पछिल्लो पटक अन्नपूर्ण गाउँपालिकामा यो रोग तीव्र रुपमा फैलिएको छ । गाई भैंसी बिरामी भएकाले यस क्षेत्रमा सञ्चालित हिमालयन चीज उद्योग बन्द गर्नुपरेको स्थानीय टेकबहादुर खड्काले बताउनुभयो । उहाँका अनुसार गोरु बिरामी परेका र मरेका कारण मुख्य खाद्यबाली धान रोपाइँ प्रभावित भएको छ । गाई बिरामी भएपछि घारमा सञ्चालित चीज उद्योग पनि बन्द भएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका पशु सेवा प्राविधिक गणेश रिजालले जिल्लाका ६ वटै स्थानीय तहमा लम्पी स्किन फैलिएको बताउनुभयो । गाई, गोरु, बाच्छा र बाच्छीमा देखिएको यो रोग पछिल्लो समय मङ्गला गाउँपालिकामा एक वटा भैंसीमा पनि लम्पी स्कीन भेटिएको उहाँले जानकारी दिनुभयो । केन्द्रको तथ्याङ्कअनुसार, बेनी नगरपालिकामा ८१, मङ्गला गाउँपालिकामा ५०, मालिकामा ४३, धवलागिरीमा एक सय ५४, रघुगङ्गामा चार सय ६१ र अन्नपूर्णमा आठ सय ८० पशुमा लम्की स्किन देखिएको छ।

लम्पी स्किनबाट बेनीमा नौ, मालिकामा चार, धवलागिरीमा चार, रघुगङ्गामा २९ र अन्नपूर्णमा ७४ पशु मरेका छन् । १३ वटा बाच्छाबाच्छी, ३६ वटा गाई, ७१ वटा गोरु मरेका केन्द्रले जनाएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यासित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नेका लागि सम्झनुहोस्।

# सामुदायिक विद्यालयमा नर्स कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

पोखरा महानगरपालिकाले सामुदायिक विद्यालयमा 'विद्यालय नर्स' कार्यक्रम सुरु गर्ने तयारी गरेको छ।

महानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेटमा सामुदायिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम सुरुआत गर्न र समग्र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले बताउनुभयो।

महानगरअन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि रु १६ करोड ५० लाख विनियोजन गरिएको छ। स्वास्थ्य संस्थामा रोग लाग्नबाट बचाउन निदानात्मक सेवा सञ्चालन भइरहेको र आगामी आव जनसङ्ख्या तथा भूगोलका आधारमा छनोट भएका विभिन्न चार स्वास्थ्य संस्थामा यस्तो सेवा प्रवाह गर्न आवश्यक बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो। करिब ९८ प्रकारका निःशुल्क औषधि वितरणका लागि महानगरपालिकाले औषधि खरिद तथा आपूर्ति गर्दै आइरहेको र अत्यावश्यक औषधि नियमित आपूर्तिको सुनिश्चितता गर्न पर्याप्त बजेट विनियोजन गरिएको महानगरपालिकाले जनाएको छ। महिलाका लागि स्वास्थ्य जोखिम मानिएको प्रजनन स्वास्थ्य, आङ खस्ने समस्या, स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन तथा आमा एवं शिशुका लागि पोषण व्यवस्था गर्न बजेटको व्यवस्था गरिएको उपप्रमुख गुरुङले बताउनुभयो।

सहरी क्षेत्रमा नसर्ने रोगको प्रकोप दिनानुदिन बढ्दो रहेको यस्तो प्रकोप जोखिम न्यूनीकरण गर्न स्वास्थ्यसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो। महिला स्वयंसेविकाको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमका लागि रु एक करोड बजेट विनियोजन गरिएको छ। नेपाल सरकारले तोकेको मापदण्डबमोजिम विभिन्न स्वास्थ्य संस्थासम्बन्धी पूर्वाधार निर्माणलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको जनाइएको छ। महानगरको एकमात्र शिशु अस्पतालमा विशेषज्ञ सेवा थप गर्न र मिर्गौला रोगको डायलायसिस सेवा आरम्भ गर्न रु एक करोड एवं कोभिड-१९ लगायत सरुवा रोग, महामारी नियन्त्रण, विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको जनाइएको छ। महानगरपालिकाको समग्र स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्न र जनस्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गर्न सङ्घीय कार्यक्रमसहित कुल रु ३५ करोड ५६ लाख बजेट प्रस्ताव गरिएको उपप्रमुख गुरुङले बताउनुभयो।

# बङ्गुरपालनमा रमाउँदै वडाध्यक्ष सिंजाली

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ असार

स्याङ्जाको गल्याङ नगरपालिका-११ का वडाध्यक्ष दलबहादुर सिंजालीको बिहान र साँझको समय हिलो, धुलो र गोबरसँग खेलेर बित्ने गरेको छ। सिंजाली बिहानै बङ्गुरका लागि कुँडो पकाउनुहुन्छ। कुँडो पाक्दै गर्दा उहाँ बङ्गुरको गोबर सफा गर्न थाल्नुहुन्छ। अनी पालैपालो बङ्गुरका माउ र बच्चालाई पाकेको कुँडो खुवाउनुहुन्छ।

सिंजालीले बङ्गुरको स्याहारसुसार गरेर सात आठ बजेभित्र नै सकाउनुहुन्छ। वडा कार्यालय जानुपर्ने भएकाले यो समयमा बङ्गुरको स्यहार गरेर सक्काउनु उहाँको बाध्यता हो। समय भएपछि सारा बङ्गुर स्याहार्ने जिम्मा श्रीमती गङ्गारानालाई दिएर उहाँ कार्यालयतिर हानिनुहुन्छ। कार्यालयबाट साँझ अबेर फर्के पनि खोरमा रहेका बङ्गुर र पाठापाठीको अवस्था हेरेर मात्र दलबहादुर अन्य काममा लाग्नुहुन्छ। सिंजालीले तीन वर्षदेखि आफ्नै गाउँ बज्रेमा रजनी कृषि तथा पशुपालन फार्म दर्ता गरेर व्यावसायिकरूपमा बङ्गुरपालन गर्दै आउनुभएको छ। वार्षिक रू १४ लाख ४० हजार बराबरको मासु र बङ्गुरका पाठापाठी बिक्री गर्ने गरेको उहाँको भनाइ छ।

"एक महिनामा १८ देखि २० बङ्गुरका पाठापाठी जन्मिन्छन्", सिंजालीले भन्नुभयो, "बङ्गुरको पाठापाठी रू छ हजारमा र वयस्क तथा उत्पादन दिन छोडेका बङ्गुर तौल हेरेर बिक्री गर्ने गरेको छु।" उत्पादित मासु गल्याङ नगरपालिकाभित्र नै खपत हुने गरेको उहाँले बताउनुभयो। "व्यावसाय गरेर आर्थिकरूपमा आत्मनिर्भर बनाउन यो काम गरेको हुँ", सिंजालीले भन्नुभयो, "यो व्यवसायले परिवारलाई आवश्यक खर्च धानिएको छ, फालिएका अन्नपातको समेत सदुपयोग भएको छ।" गल्याङको हावापानी बङ्गुरपालनका लागि उपयुक्त भएको उहाँको भनाइ छ। सिंजालीकी जीवनसङ्गिनी गङ्गारानाले श्रीमान्को जाँगर र पौरख देखेर आफूलाई गौरव महसुस हुने गरेको बताउनुभयो। "उहाँ आइपरेका सबै काम झर्को नमानी गर्नुहुन्छ", उहाँले भन्नुभयो। गल्याङ नगरपालिकाका पशुशाखा प्रमुख सुशील अर्यालले गल्याङमा बङ्गुरको मासु अत्यधिक खपत हुने गरेकाले बजारीकरणको समस्या नभएको बताउनुभयो। नगरपालिकाले कृषकलाई समयमा निःशुल्क प्राविधिक सेवा, उपचार, बीउबिजन, निःशुल्क पशु बीमा, फार्म सुधार कार्यक्रमअन्तर्गत अनुदान उपलब्ध गराएका कारण कृषक पशुपालनतर्फ आकर्षित हुँदै गएका उहाँको भनाइ छ।

# आन्तरिक पर्यटकको रोजाइमा पर्दै 'श्रवणकुमार पार्क'

**पोखरापत्र संवाददाता**
वालिङ, १४ असार

स्याङ्जाको वालिङ-८ घ्याङ्लिङमा अवस्थित श्रवणकुमार पार्क पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको छ। वालिङ बजारदेखि नजिकै रहेको उक्त पार्कमा पूर्वाधार निर्माण भएसँगै आन्तरिक पर्यटकको सङ्ख्या बढ्न थालेको हो।

घ्याङ्लिङस्थित अमिलीथुम आधारभूत विद्यालयको जीर्ण भवन अन्यन्त्र स्थानान्तरण गरेपछि विद्यालय भएको स्थानमा पार्क निर्माण गरिएको हो। स्थानीय नवप्रभात युवा क्लब र श्रवणकुमार पार्क व्यवस्थापन समितिको सहकार्यमा विद्यालय परिसरलाई पार्कको स्वरुप दिइएको क्लबका अध्यक्ष जीवलाल काफ्लेले बताउनुभयो।

उहाँका अनुसार पार्कमा पूर्वाधार निर्माण, सरसफाइ, वृक्षरोपणलगायत कार्य गर्न वालिङ नगरपालिका, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी), दियालो, वालिङ होल्डिङ बहुउद्देश्यीय सहकारी संस्था र विद्यालय प्रशासन सहयोग गर्दै आएका छन्। "विद्यालयसँग भोगचलन गर्ने सहमति गरेर पुरानो जीर्ण भवनलाई मर्मतसम्भार तथा रङगरोगन गरेका छौँ" अध्यक्ष काफ्लेले भन्नुभयो, "पार्कलाई घेराबार गर्ने, प्रवेशद्वार निर्माण, श्रवणकुमारको प्रतिमा, बगैँचा, वृक्षरोपण, चौपारी निर्माण, शौचालय तथा बाल उद्यानका लागि पूर्वाधार निर्माण र व्यवस्थापन गरेका छौँ।" उहाँले बढ्दो बजारीकरणका कारण हुने बजारको कोलाहलबाट केही समय छुट्याएर पार्कमा आनन्दित हुन सकिने बताउनुभयो। अध्यक्ष काफ्लेका अनुसार पार्कमा बजार क्षेत्रबाट बिहान र साँझको समयमा पैदल हिँडेर आउने आन्तरिक पर्यटकको सङ्ख्या बढी छ। "दिउँसो र बिदाका दिनमा भने घुम्नका लागि मानिस आउनुहुन्छ। बिहान/साँझ भने हिँडेर व्यायाम गर्नेहरू बढी आउनुहुन्छ", उहाँले भन्नुभयो। साथीभाइ तथा पारिवारिक समूह गर्मी छल्न पनि यहाँ आउने गरेका उहाँले बताउनुभयो। 'स्मार्ट सिटी'को अवधारणा अनुसार अगाडि बढ्दै गरेको वालिङ नगरपालिकाले नगरका विभिन्न वडामा पार्क निर्माणमा जोड दिँदै आएको छ। नगरपालिकाले केही वर्षदेखि पार्कमा पूर्वाधार निर्माण, तारबारका लागि बजेट विनियोजन गर्दै आइरहेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १९ स्थित काहुँखोला नियन्त्रण बाघ संरक्षण निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नाम : काहुँखोला नियन्त्रण बाघ संरक्षण
ठेगानाः पोखरा-१९, कास्की
योजना सम्झौता मिति : २०८०/०२/२२ गते
योजना सम्पन्न मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु.४,४५,१३७।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.४,००,०००/-
जनसहभागिताबाटः ४५१३७/-
उपभोक्ता समिति अध्यक्षः राजीव वाँस्तोला (९८५६००००६)
उपभोक्ता समिति : ११ जना महिलाः ४ जना, पुरुषः ७ जना

**दोपहरे गह्रा खेल मैदान निर्माण उपभोक्ता समिति**
**पोखरा-१९, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १९ स्थित शिवेश्वरी आधारभूत विद्यालय जाली पर्खाल योजना कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नाम : शिवेश्वरी आधारभूत विद्यालय जाली पर्खाल योजना
ठेगानाः पोखरा-१९, कास्की
योजना सम्झौता मिति : २०८०/०२/२२ गते
योजना सम्पन्न मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु.५,००,००० /-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००/-
उपभोक्ता समिति अध्यक्षः खिमलाल बाँस्तोला (९८५६०२७२२७)
उपभोक्ता समिति : ८ जना महिलाः २ जना, पुरुषः ६ जना

**शिवेश्वरी आधारभूत विद्यालय जाली पर्खाल योजना**
**पोखरा-१९, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १३ स्थित काहुँखोला नियन्त्रण बाघ संरक्षण निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नाम : काहुँखोला नियन्त्रण बाघ संरक्षण
ठेगानाः पोखरा-१३, कास्की
योजना सुरु हुने मिति : २०८०/०२/०६ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/०६ गते
योजनाको कुल लागत : रु.१०,००,०००/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००/-
उपभोक्ता समिति अध्यक्षः रोशन गुरुङ (९८४९९४१६११)
उपभोक्ता समिति : ७ जना महिलाः २ जना, पुरुषः ५ जना

**काँहुखोला नियन्त्रण बाघ संरक्षण उपभोक्ता समिति**
**पोखरा-१३, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्थित अम्बोट पिपलबोट मोटर बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नाम : अम्बोट पिपलबोट मोटर बाटो निर्माण
ठेगानाः पोखरा-२१, भाटगाउँ, कास्की
योजना सम्झौंता मिति : २०८०/०१/०५ गते
योजना सुरु हुने मिति : २०८०/०१/०६ गते
योजना सम्पन्न हुने मिति : २०८०/०२/०५ गते
योजनाको कुल लागत : रु. ११,११,२२६.१७/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००/-
जनश्रमदानबाटः १,११,२२६.१७/-
उपभोक्ता समिति अध्यक्षः श्रीबहादुर रानाभाट
(मो.९८५६०३१९९४)

**अम्बोट पिपलबोट मोटर बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ९ स्थित चण्डीमाई सेवा समितिको परिसरभित्र चण्डी माई मन्दिर पून निर्माण तथा सौन्दर्यकरण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नामः चण्डी माई मन्दिर पून निर्माण तथा सौन्दर्यकरण
ठेगानाः पोखरा-९, कास्की
योजना सम्झौता मितिः २०७९/१२/१६ गते
योजना सुरु हुने मिति : २०७९/१२/१७ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. ३०,९८,०००/-
पो.म.न.पा वडा नं. ९ कार्यालयबाट प्राप्त हुने रकम : रु. ३०,९८,०००/-
नपुग रकम चण्डी माई सेवा समिति दरवारथोकबाट
उपभोक्ता समिति अध्यक्षः तेज बहादुर भुजेल

**श्री चण्डी माई सेवा समिति दरवार थोक**
**पोखरा-९, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १९ स्थित भारती भवन मा.वि. गेट अगाडि प्रतिक्षालयमा शौचालय निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नाम : भारती भवन मा.वि. गेट अगाडि प्रतिक्षालयमा शौचालय निर्माण
ठेगानाः पोखरा-१९, कास्की
योजना सुरु हुने मिति : २०८०/०१/१२ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु.१०,००,०००/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००/-
उपभोक्ता समिति अध्यक्षः नारायण प्रसाद पौडेल
(मो.९८१८६२५८५६)
उपभोक्ता समिति : ९ जना महिलाः ३ जना, पुरुषः ६ जना

**भारती भवन मा.वि. गेट अगाडि प्रतिक्षालयमा शौचालय निर्माण उपभोक्ता समिति पोखरा-१९, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ रान्नी दशमुरे चालिसे बनपाखे दोपहरे कृषि निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।
**योजनाको नाम** : रान्नी दशमुरे चालिसे बनपाखे दोपहरे कृषि निर्माण
**उपभोक्ता समिति**: रान्नी दशमुरे चालिसे बनपाखे दोपहरे कृषि निर्माण उपभोक्ता समिति, पोखरा-२१
**योजना सम्झौता मिति** : २०७९/१२/२० गते
**योजना सुरू मिति** : २०७९/१२/२१ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/१३ गते
**महानगरपालिकाबाट** : रु.२६,०९,०००/-
**जनसहभागिता** : रु.२,९८,३३८/८२
**जम्मा लागत** : रु. २९,०७,३३८/८२

**रेशमलाल सुवेदी**
**अध्यक्ष**
**रान्नी दशमुरे चालिसे बनपाखे दोपहरे कृषि निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ देउराली गैह्रा हप्राक डडेल गाउँ माझ गाउँ सडक निर्माण तथा स्तर उन्नत गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।
**योजनाको नाम** : देउराली गैह्रा हप्राक डडेल गाउँ माझ गाउँ सडक निर्माण तथा स्तर उन्नत
**उपभोक्ता समिति**: देउराली गैह्रा हप्राक डडेल गाउँ माझ गाउँ सडक निर्माण तथा स्तर उन्नत उपभोक्ता समिति, पोखरा-२१
**योजना सम्झौता मिति** : २०७९/१०/१९ गते
**योजना सुरू मिति** : २०७९/१०/२० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/१३ गते
**महानगरपालिकाबाट** : रु.७,००,०००/-
**जनसहभागिता** : रु.७८,६९१/२५
**जम्मा लागत** : रु. ७,७८,६९१/२५

**मुक्ती बहादुर कुँवर**
**अध्यक्ष**
**देउराली गैह्रा हप्राक डडेल गाउँ माझ गाउँ सडक निर्माण तथा स्तर उन्नत उपभोक्ता समिति, पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ सालघारी हप्राक रुद्राक्षरुख सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।
**योजनाको नाम** : सालघारी हप्राक रुद्राक्षरुख सडक स्तरोन्नती
**उपभोक्ता समिति**: सालघारी हप्राक रुद्राक्षरुख सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१
**योजना सम्झौता मिति** : २०७९/१०/१६ गते
**योजना सुरू मिति** : २०७९/१०/१७ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/१३ गते
**महानगरपालिकाबाट** : रु.३,००,०००/-
**जनसहभागिता** : रु.३,४७,१९७/१६
**जम्मा लागत** : रु.३३,४७,१९७/१६

**राज कुमार कार्की**
**अध्यक्ष**
**सालघारी हप्राक रुद्राक्षरुख सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**